**केन्द्रीय दैवी प्रकोप उद्धार समितिको २०७२ जेठ १७ गते बसेको बैठकका निर्णयहरु :**

१. भूकम्प गएको १ महिना पूरा भएको, संकटग्रस्त अवधी समाप्त भै खोज, उद्दार र राहत वितरणको कार्य लगभग अन्तिम अवस्थामा पुगी शीघ्र पुनर्लाभको चरणमा प्रवेश गरेको अवस्थामा मिति २०७२।१।१७ को केन्द्रीय दैबी प्रकोप उद्दार समितिको निर्णयको आधारमा उक्त समितिका संयोजकबाट अनुमोदन भए बमोजिमको निर्धारित राहत सामग्री सूचीमा मिति २०७२ जेठ २० गतेसम्म भन्सार छुटको सुविधा रहेकोमा सो अवधि पश्चात विभिन्न संघसंस्थाले विदेशबाट ल्याउने राहत तथा शीघ्र पुर्नलाभ सम्बन्धी सामग्रीको भन्सार छुट गर्दा सो सामग्रीसँग सम्बन्धित मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले कार्यबिधि बनाइ भन्सार छुट दिने व्यवस्था मिलाउने । भन्सार छुट दिएका उक्त सामान कुन ठाँउमा कुन कामका लागि प्रयोग भए भन्ने विवरण सम्बन्धित मन्त्रालयले अनुगमन तथा अभिलेखाँकन गरी राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्रमा समेत उपलब्ध गराउने ।

२. भूकम्पको घटनापश्चात् सरकारले आव्हान गरेको अन्तर्राष्ट्रिय सहायताका लागि राष्ट्रसंघीय निकाय र अन्य निकायबाट खोज, उद्धार तथा तत्काल राहतका लागि धेरै संख्यामा विदेशी जनशक्ति परिचालन भएको । उक्त चरणका कार्यहरु सम्पन्न भै शीघ्र पुर्नलाभका कार्यहरु सुरु भएकोले हाल कुन निकायले, कुन काममा, कति संख्यामा विदेशी जनशक्ति परिचालन गरेका छन् सो सम्बन्धी विवरण संयुक्त राष्ट्रसंघीय निकाय मार्फत आएका विदेशीहरुको हकमा परराष्ट्र मन्त्रालयले र अन्य गैरसरकारी संस्था मार्फत आएका विदेशीहरुको हकमा समाज कल्याण परिषद्ले लिई उक्त कामसँग सम्बन्धित मन्त्रालयको सिफारिसका आधारमा मात्र भिषा दिने वा भिषा अवधि थप दिने व्यवस्था मिलाउने । आवश्यकता भन्दा बढी विदेशी जनशक्तिलाई तत्कालै फिर्ता लैजान र यस्तो कार्यमा बढी भन्दा बढी स्वदेशी जनशक्तिलाई नै परिचालन गर्न परराष्ट्र मन्त्रालय र समाज कल्याण परिषद्ले सम्बन्धित निकायलाई निर्देशन दिने र यसको अनुगमन गर्ने ।

३. भूकम्पबाट बढी प्रभावित र दुर्गम जिल्ला गोरखा, धादिङ्ग, रसुवा, सिन्धुपाल्चोक, नुवाकोट, काभ्रेपलाञ्चोक, दोलखा, ओखलढुंगा, रामेछाप, सिन्धुली, सोलुखुम्बु लगायतका अन्य जिल्लाका दुर्गम तथा यातायातको पहुंच नभएका र खाद्यान्न अभाव हुने क्षेत्रका घर परिवारलाई लक्षित गरी विश्व खाद्य कार्यक्रम मार्फत आगामी तीन महिनाका लागि विपन्न, जेष्ठ नागरिक, बालवालिका तथा अपांगता भएका व्यक्तिलाई निःशुल्क खाद्यान्न उपलब्ध गराउने, खाद्यान्न अभाव हुने अन्य क्षेत्रका परिवारलाई कामको लागि खाद्यान्न (Food for Work) र बजारमा खाद्यान्न पाउने क्षेत्रमा कामको लागि नगद (Cash for Work) कार्यक्रम संचालन गर्न विस्तृत कार्ययोजना समेत बनाई विश्व खाद्य कार्यक्रम र नेपाल सरकार वीच समझदारी पत्रमा हस्ताक्षर गर्ने र उक्त कार्यक्रमको नियमित अनुगमन समेत गर्ने जिम्मेवारी कृषि विकास मन्त्रालयलाई प्रदान गर्ने । कृषि विकास मन्त्रालयले कार्यक्रम लागू भएका जिल्लामा खाद्यान्नको गुणस्तर नियन्त्रण तथा कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन र प्रतिवेदन गर्ने व्यवस्था मिलाउने । यस्तो कार्यक्रम जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय, निर्देशन, नियन्त्रण र समन्वयमा संचालन गर्ने व्यवस्था मिलाउने । कामको लागि खाद्यान्न (Food for Work) र कामको लागि नगद (Cash for Work) कार्यक्रमको निर्देशिका तयार गरी यस काममा सहयोग गर्न इच्छुक अन्य सबै निकायवीच सम्बन्धित स्थानीय निकायहरुको तहमा समेत समन्वय गराई कामको अनुगमन गर्ने कार्य समेत संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गर्ने ।

४. यस अघि निकासा भएको रकमबाट नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले भग्नावशेष हटाउनका लागि तथा खोज तथा उद्धारका लागि आवश्यक सामग्री, उपकरण तथा औजार समेत खरिद गर्ने । त्यस्तो कार्यमा निजी क्षेत्रको हेभी इक्विपमेण्ट प्रयोग भएको अवस्थामा सो प्रयोग गर्ने सुरक्षा निकायसँग अभिलेख भिडाई यथार्थ प्रयोगका आधारमा भौतिक योजना तथा यातायात व्यवस्था मन्त्रालयले भाडा रकम भुक्तानी गर्ने ।

५. आगामी वर्षायाममा हुनसक्ने संभावित बाढी पहिरो जस्ता प्रकोपलाई लक्षित गरी विभिन्न दातृ राष्ट्रबाट प्राप्त र सरकारले खरिद गरेको सामग्री समेतबाट बितरण गरी वचत हुने राहत सामग्री क्षेत्रीय गोदाम घरमा भण्डारणको व्यवस्था गृह मन्त्रालयले मिलाउने । खाद्य संस्थानका गोदाममा न्यूनतम खाद्यान्न भण्डारणको व्यवस्था बाणिज्य तथा आपूर्ति मन्त्रालयले मिलाउने ।

६. भूकम्पबाट बढी प्रभावित दोलखा, रामेछाप, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, गोरखा जिल्ला लगायत भूकम्प प्रभावित अन्य जिल्लाका बस्ति तथा भूभागमा चिरा परी स्थानीय जनता सो स्थानबाट विस्थापीत भएका र उक्त स्थानको विस्तृत भौगर्भिक सर्भेक्षण गरिदिन विभिन्न जिल्ला दैवी प्रकोप उद्धार समितिबाट माग भै आएकोले खानी तथा भूगर्भ विभागले ती सबै जिल्लामा भौगर्भिक अध्ययन टोली तत्काल खटाउने ।

७. भूकम्पबाट भएको क्षतिको लगत संकलन टोलीबाट प्राप्त पारिवारीक लगत र सार्वजनिक संरचना क्षतिको लगतबाट प्राप्त तथ्याङ्क प्रशोधन गरी क्षतिको एकीकृत लगत तयार गर्न केन्द्रीय तथ्यांक विभागलाई जिम्मेवारी दिने । केन्द्रीय तथ्यांक विभागले केन्द्रीय स्तरमा तथ्याङ्क प्रशोधनको सफ्टवेयर तयार गरी जिल्लामा पठाउने, शाखा तथ्याङ्क कार्यालय भएको जिल्लामा सोहि कार्यालयले र अन्य जिल्लामा जिल्ला बिकास समितिले तथ्याङ्कको प्रशोधन गर्ने, सो कार्यका लागि प्राविधिक सहयोग केन्द्रीय तथ्याङ्क विभागले गर्ने । केन्द्रीय तथ्याङ्क विभागले जिल्लाको तथ्याङ्कलाई एकीकृतरुपमा प्रशोधन गरी केन्द्रीय विवरण तयार गरी गृह मन्त्रालयमा पठाउने ।

८. भूकम्पबाट भत्किएका, चर्किएका र जोखिमयुक्त निजी स्वामित्वका घरहरु भत्काउने तथा भग्नावशेष व्यवस्थापन गर्ने सन्दर्भमा खर्च ब्यहोर्ने स्रोत समेतको विद्यमान कानून तथा अन्तर्राष्ट्रिय अभ्यासलाई मध्यनजर गरी आवश्यक नीति तयार गरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव लैजाने ।

९. भूकम्पको कारणबाट पूर्वाधार क्षति भै वा पहिरोमा परि बेपत्ता भएका व्यक्तिका परिवारले राहत लिन चाहेमा मृतकका परिवारले पाए सरहको राहत सम्वन्धित जिल्लाले उपलब्ध गराउने ।

१०. हालसम्म प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषबाट केन्द्रिय दैवी प्रकोप उद्धार कोषमा प्राप्त ८ अरव मध्ये ७ अरब ८५ करोड ८३ लाख विभिन्न मन्त्रालय तथा जिल्ला दैवी प्रकोप उद्धार कोषमा निकासा भै सकेको र जिल्लाले सो रकम वितरण गर्न शुरु गरिसकेकोले अस्थायी आवास निर्माण बापत रकम वितरण गर्न हाललाई ५ अरव रुपैया थप निकासा दिन प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई अनुरोध गर्ने ।